"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर"

परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/०८३

चलानी नम्बर :-

मिति: २०८३/०२/०६

**विषय – नदीजन्य पदार्थ उत्खनन, संकलन कार्य बन्द सम्बन्धी सूचना ।**

प्रस्तुत बिषय सम्बन्धमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ को दफा ४ को उपदफा (१६) मा **" यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रत्येक वर्ष असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन गर्न पाइने छैन "** भन्ने व्यवस्था रहेको तथा परशुराम नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२ को दफा १४ मा **" नगरपालिका क्षेत्रभित्र बग्ने नदी तथा खोलाबाट नदीजन्य सामग्री ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल असार, श्रावण र भाद्र तिन महिना उत्खनन तथा संकलन कार्य पूर्णरुपमा बन्द हुनेछ "** भन्ने कानुनी व्यवस्था भएको हुदा मिति २०८३ असार १ गतेदेखि भदौ मसान्त सम्म नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेलको उत्खनन तथा संकलन कार्य पुर्ण रुपमा बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

परशुराम नगरपालिकाको क्षेत्रभित्र संचालन हुने विकास, योजना तथा अन्य प्रयोजनका लागि नदीजन्य पदार्थ आवश्यक पर्ने सम्बन्धित पक्षहरुले आवश्यक पर्ने नदीजन्य पदार्थ समयमै प्रचलित कानून बमोजिम तोकिएको राजश्व तथा शुल्क बुझाई नियमानुसार स्टक राख्न तथा उक्त स्टक सम्बन्धित निकायबाट प्रमाणित गराई सुरक्षित रुपमा राख्न हुन अनुरोध गरिन्छ । साथै, निषेधित अवधिमा नदीजन्य पदार्थको अवैध उत्खनन, संकलन, बिक्रि वितरण, ढुवानी तथा ओसारपसार गरेको पाइएमा प्रचलित कानुन बमोजिम दण्ड जरिवाना गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

खगेन्द्र साउँद

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत